
# संयुक्त राष्ट्रसंघीय बाल अधिकारसम्बन्धी महासन्धि १९८९
# कार्यान्वयन प्रगति प्रतिवेदन प्रकृया

## हामीले जान्नै पर्ने विषयहरु र हाम्रो सहभागिता




कन्सोर्टियम-नेपाल
Consortium Nepal

# संयुक्त राष्ट्रसंघीय बाल अधिकारसम्बन्धी महासन्धि १९८९
# कार्यान्वयन प्रगति प्रतिवेदन प्रकृया

## हामीले जान्नै पर्ने विषयहरु र हाम्रो सहभागिता



**प्रकाशक :**
बालसहभागितामा कार्यरत संस्थाहरूको साझा समूह
(कन्सोर्टियम नेपाल), काठमाडौं

**प्रकाशन सल्लाहकार :**
नूपुर भट्टचार्य
उद्धवराज पौड्याल
तारक धिताल
किरण थापा

**लेखन सम्पादन समुह :**
विष्णु बहादुर खत्री, अधिवक्ता
मोहन दंगाल
सन्तोष महर्जन

**कानूनी सल्लाहकार :**
कपिल अर्याल, सह-प्राध्यापक एवम् अधिवक्ता

**विशेष सल्लाह :**
रविन्द्र गौतम, सेभ द चिल्ड्रेन
सरोज के.सी., सेभ द चिल्ड्रेन

**भाषा सम्पादन :**
कुमार भट्टराई

**संयोजन :**
गौरव के.सी.
अरज गौतम

**चित्र :**
प्रदिप राई
अभिनास मल्ल

**प्रकाशन सहयोग :**
सेभ द चिल्ड्रेन

**लेआउट डिजाइन :**
निबास डंगोल
एड क्रिउ मिडिया प्रा.लि., अनामनगर, काठमाडौं

**प्रकाशन वर्ष :**
२०७८

**प्रकाशन प्रति :**
१०००

# यस पुस्तकको बारेमा........

बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समूह (कन्सोर्टियम नेपाल) नेपालमा बाल सहभागिताको क्षेत्रमा कार्यरत संस्थाहरुको साझा समुह हो । यो समूह हाल ५२ जिल्लाका ७५ वटा बाल सहभागितामा कृयाशिल सामाजिक संस्थाहरु सदस्यका रुपमा रहेको राष्ट्रिय सञ्जाल हो । आफ्नो स्थापनाको २२ औं वर्षमा कन्सोर्टियम नेपालले बालबालिकाको सहभागिताको अधिकारलाई सुनिश्चितता गार्न र "बाल सहभागिता: संविधानदेखि व्यवहारसम्म" भन्ने नाराका साथ कृयाशिल छ । सञ्जालले अध्ययन, अनुसन्धान, क्षमता अभिबृद्धि, नीतिगत पैरवी, स्रोत सामाग्रीहरुको प्रकाशन तथा वितरण र सदस्य संस्थाहरु मार्फत समुदाय परिचालन लगायतका रणनीतिक प्रयासहरु गर्दै आइरहेको छ ।

आफ्ना अभियानहरुमा जसको सवाल उसको सहभागिता भन्ने मूल मर्मलाई अंगिकार गर्दै सञ्जालका हरेक गतिविधिहरुमा बालबालिकाको प्रत्यक्ष र अर्थपूर्ण सहभागिता रहने गरेको छ । कन्सोर्टियम नेपालले आफ्नो विधानमा नै बाल सल्लाहकार समुहको व्यवस्था गरी सोको अभ्यास गर्दै आएको छ । सवालको पहिचान, योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कन लगायतका सबै प्रक्रियामा बालबालिकाको सहभागिता सुनिश्चित गराउँदै आइरहेको छ । यसका प्रकाशन तथा स्रोत सामाग्रीहरु बालमैत्री बनाउन तथा बालबालिकाको पहुँच सुनिश्चित गार्न विशेष ध्यान दिंदै आइरहेको छ ।

बाल अधिकार महासन्धि सन् १९८९ नोभेम्बर २० तारिखमा संयुक्त राष्ट्रसंघको महासभाबाट सर्वसम्मत रुपमा पारित भएको हो । यस महासन्धिलाई अंग्रेजीमा Convention on the Rights of the Child, 1989 (CRC) भनिन्छ । नेपालले यस महासन्धिलाई सन् १९९० सेप्टेम्बर १४ तारिखमा अनुमोदन गरेको हो । बालअधिकार महासन्धि के हो र यसको कार्यान्वयन प्रगति प्रतिवेदन कहाँ, कहिले, कसले र कसरी पठाउने तथा बालबालिकाको सहभागिता कसरी हुन्छ भन्ने सम्वन्धमा बालबालिकाहरुमा जानकारी हुनु आवश्यक हुन्छ । यस्ता विषयवस्तु बालबालिकाहरुले बुझ्नेगारी सरल भाषा र बालमैत्री रुपमा प्रस्तुत हुनु पर्दछ । बाल सहभागिताको एउटा महत्वपूर्ण पाटो भनेको बालबालिकासँग सम्वन्धित कुराको बारेमा बालबालिकाहरुले बुझ्ने भाषा र शैलीमा सुसूचित हुनपाउनु पनि हो । त्यसैले कन्सोर्टियम नेपालले प्रकाशन गरेको यो किताबमा संयुक्त राष्ट्रसंघीय बाल अधिकार सम्बन्धी महासन्धि १९८९ को कार्यान्वयन प्रगति प्रतिवेदन प्रकृयाका वारेमा बालबालिकाले जान्नै पर्ने विषयहरु र कसरी सहभागी हुन सकिन्छ भनी सरल रुपमा जानकारी समावेश गरिएको छ । यो किताब तयारीका क्रममा यसमा समावेश गरिएका विषयवस्तु र प्रस्तुतीका सम्वन्धमा विभिन्न चरणमा बालबालिकाहरुका प्रतिनिधिहरुको सुझाव संकलन गरिएको थियो । बालबालिकाहरुको सुझावका आधारमा विज्ञहरुबाट तयार भएको सामाग्रीहरु पुन: बालबालिकाहरुसँग छलफल गरी थप सुझावहरु संकलन गरी समावेश गरिएको थियो ।

भाईबहिनिहरु, यस किताबको पहिलो पानामा तपाईंको नाम, विद्यालयको नाम, कक्षा, बाल क्लवको नाम लेख्ने ठाउँ छ । किताब हात पर्ने वित्तिकै आफ्नो नाम लेख्नुहोस् है । यदि तपाईंले एक भन्दा बढी किताब पाउनुभयो भने आफ्नो मिल्ने साथीको नाम, ठेगाना लेखेर उपहार दिनूहोला । तपाईले आफुले पढीसकेपछि यो किताव आफ्नो विद्यालयको पुस्तकालय तथा बाल क्वलमा पनि राख्न सक्नुहुन्छ । धन्यवाद

**किरण थापा**

अध्यक्ष, कन्सोर्टियम नेपाल

# बिषयसूची

हामी बालबालिका ........ १
हाम्रा अधिकार ........ २
हाम्रो बाँच्न पाउने अधिकार ........ ३
हाम्रो विकास हुन पाउने अधिकार ........ ४
हाम्रो संरक्षणको अधिकार ........ ५
हाम्रो सहभागिताको अधिकार ........ ६
बाल अधिकार सम्बन्धी महासन्धि १९८९ ........ ७
बाल अधिकारसम्बन्धी महासन्धि १९८९ को कार्यान्वयनमा राज्यको दायित्व ........ ८
संयुक्त राष्ट्र संघीय बाल अधिकार समिति ........ ९
बालअधिकार समितिमा प्रतिवेदन प्रकृया ........ १०
समितिमा प्रतिवेदन कसकसले पठाउन सक्छन्? ........ ११
बालअधिकार समितिमा प्रतिवेदनको चक्र ........ १२
पहिलो चरण : ........ १३
राज्यको प्रतिवेदन
दोस्रो चरण: ........ १४
राष्ट्रिय मानव अधिकार आयोग, युनिसेफ, बालअधिकारका सवालमा काम गर्ने संघसंस्था तथा सञ्जालहरु र बालबालिकाहरुको प्रतिवेदन
तेस्रो चरण: ........ १५
मुख्य सत्र अघिको बैठक
(Pre Sessional Working Group Meeting)
चौथो चरण: ........ १६
सरोकारका सवालहरु (List of Issues) तयारी

पाँचौ चरण: ........ १७
सरकारको लिखित जवाफ (Written Response)

छैठौं चरण: ........ १८
नागरिक समाज र बालबालिकाका प्रतिनिधिहरुको अन्तिम सुझाव संकलन

सातौं चरण: ........ १९
मुख्य सत्र (Main Session)

आठौं चरण: ........ २०
समापन टिप्पणी (Concluding Observations)

नवौं चरण : ........ २१
समापन टिप्पणीको कार्यान्वयन

बालअधिकार समितिमा प्रतिवेदन पठाउने तरिका ........ २२

विशिष्ट प्रतिवेदन चक्र (Standard Reporting Cycle) र सरलीकृत प्रतिवेदन चक्र (Simplified Reporting Cycle) मा फरक ........ २३

सरलीकृत प्रतिवेदन चक्र (Simplified Reporting Cycle) ........ २४

सरलीकृत प्रतिवेदन चक्र प्रकृया ........ २४

नेपालको बालअधिकार समितिमा प्रतिवेदन ........ २५

बालबालिकाले आफ्नै नेतृत्वमा तयार गरेको प्रतिवेदन ........ २६

बालबालिकाले आफ्नै नेतृत्वमा तयार गरेको प्रतिवेदन प्रकृया ........ २७

बालबालिकाका आफ्नै अनुभव ........ २८

बालअधिकार समितिको सुझावहरुको कार्यान्वयनमा सरोकारवालाहरुको भूमिका ........ २९

बालअधिकार समितिको सुझावहरुको कार्यान्वयनमा सरोकारवालाहरुले के के गर्न सक्दछन् ? ........ २९

## यो पुस्तिका वाहकको

नाम थर: ..................................................................

विद्यालयको नाम: ......................................................

पढिरहेको कक्षा: ........................................................

## यदि बालक्लबको सदस्य भए:

बालक्लबको नाम: ....................................................

पद: .........................................................................

जिल्ला: ....................................................................

# हामी बालबालिका

१८ वर्ष पूरा नगरेका हामी सबै बालबालिका हौं ।



# हाम्रा अधिकार

हाम्रा आवश्यकता नै हाम्रा अधिकार हुन् ।
यसमा हाम्रो बाँच्न पाउने अधिकार, विकासको अधिकार, संरक्षणको अधिकार र सहभागिताका अधिकार पर्दछन् । जसलाई बाल अधिकारका चार बाकस पनि भनिन्छ ।



# हाम्रो बाँच्न पाउने अधिकार

आमाहरू स्वस्थ्य र सुरक्षित भए मात्र बालबालिका पनि स्वस्थ्य र सुरक्षित जन्मन्छन् । त्यसैले हामी गर्भमा छँदा हाम्रा आमाहरूको पोषणयुक्त खाना, खोप र स्वास्थ्यमा ध्यान पुऱ्याउनु पर्दछ । जन्मिसकेपछि हामीले पोषण भएको खाना, खोप, स्याहार, स्वास्थ्य उपचार पाउनु पर्दछ ।






# हाम्रो विकास हुन पाउने अधिकार

हामीले पढ्न, खेल्न, मनोरञ्जन गर्न, रूची अनुसारको क्रियाकलापमा सहभागी हुन र जीवन उपयोगी सीप सिक्न पाउनु पर्दछ ।



# हाम्रो संरक्षणको अधिकार

हामीले घरपरिवार, विद्यालय तथा समुदायमा सबै खालका विभेद, हिंसा, हेला, दुर्व्यवहार, बेवास्ता, परित्यक्तता, श्रम शोषण, यौन शोषण, गालि गलौज जस्ता हाम्रो शारीरिक तथा मानसिक विकासमा हानी पुऱ्याउने व्यवहारबाट संरक्षण हुन पाउनु पर्छ ।



# हाम्रो सहभागिताको अधिकार

हामीसँग सम्बन्धित विषयमा निर्णय गर्दा हामी पनि सहभागी हुने, आफ्नो कुरा राख्ने र त्यस्ता विषयमा जानकारी पाउने हाम्रो अधिकार छ । हाम्रो सहभागितालाई बढाउनका लागि हामी बालक्लव वा यस्तै समूहमा संगठित हुन सक्छौं ।

हामीलाई हानी पुग्ने कुरामा हामीले “हुन्न वा नाँइ” भन्न पनि पाउँछौं ।









# बाल अधिकार सम्बन्धी महासन्धि १९८९

बाल अधिकारसम्बन्धी महासन्धिलाई संयुक्त राष्ट्र संघ महासभाले सन् १९८९ नोभेम्वर २० का दिन  पारित गरेको हो ।

यो महासन्धि संसारभरीका हामी जस्ता सबै बालबालिकाहरूले पाउनुपर्ने सबै अधिकारहरूको संगालो हो ।



# बाल अधिकारसम्बन्धी महासन्धि १९८९ को कार्यान्वयनमा राज्यको दायित्व

नेपाली बालबालिकाको अधिकारको सम्मानका लागि सन् १९९० सेप्टेम्वर १४ मा नेपालले यस महासन्धिलाई अनुमोदन गरेको हो ।

त्यसैले, राज्यले हामी बालबालिकाका सबै अधिकारहरु पूरा गर्नुपर्दछ । महासन्धि अनुमोदन गरेको दुई वर्षभित्र पहिलो र त्यसपछि प्रत्येक पाँच पाँच वर्षमा संयुक्त राष्ट्र संघ, बालअधिकार समितिमा सरकारले बालबालिकाका क्षेत्रमा भएका प्रगतिहरूको प्रतिवेदन पनि पठाउनु पर्दछ ।




# संयुक्त राष्ट्र संघीय बाल अधिकार समिति



संयुक्त राष्ट्र संघीय बाल अधिकार समिति बालअधिकार तथा अरू क्षेत्रका समेत विज्ञहरूको समूह हो, जसमा १८ जना सदस्यहरू हुन्छन् ।

यो समितिले बाल अधिकार महासन्धिको कार्यान्वयनमा देश देशमा भएको प्रगतिको अनुगमन, महासन्धि अनुमोदन गरेका देशहरूले तयार गरेका प्रतिवेदनहरूको अध्ययन र बालअधिकारको अवस्था सुधारका लागि सम्बन्धित देशलाई लिखित सुझाव दिने काम गर्दछ ।

# बालअधिकार समितिमा प्रतिवेदन प्रकृया




हरेक देशले आवधिक रूपमा बालअधिकारको स्थिति प्रतिवेदन तयार गरी बाल अधिकार समितिमा पठाउँछन् ।

बाल अधिकार समितिले प्रतिवेदन अध्ययन गरी बालअधिकारको अवस्थामा थप सुधार ल्याउनका लागि सम्बन्धित देशलाई प्रत्येक पाँच-पाँच वर्षमा लिखित सुझावहरू दिने गर्दछ ।

# समितिमा प्रतिवेदन कसकसले पठाउन सक्छन्?

हरेक देशको सरकारले राज्यको प्रतिवेदन समितिमा पठाउँछ ।

यसका साथै राष्ट्रिय मानव अधिकार आयोग, युनिसेफ, संघसंस्था र व्यक्तिले समेत प्रतिवेदन बुझाउन सक्दछन् । यस्तो प्रतिवेदनहरूलाई पूरक प्रतिवेदन भन्ने गरिन्छ ।

बालबालिकाहरूले आफैंले पनि आफ्नो प्रतिवेदन पठाउन सक्छन् ।



# बालअधिकार समितिमा प्रतिवेदनको चक्र

पहिलो चरण : राज्यको प्रतिवेदन

दोस्रो चरण : राष्ट्रिय मानव अधिकार आयोग, युनिसेफ, बालअधिकारका सवालमा काम गर्ने संघसंस्था तथा सञ्जालहरु र बालबालिकाहरुको प्रतिवेदन

तेस्रो चरण : मूल सत्र अघिको बैठक (Pre-sessional Working Group)

चौथो चरण : सरोकारका सवालहरु (List of Issues) तयारी


पाँचौ चरण : सरकारको लिखित जवाफ (Written Response)

छैठौ चरण : नागरिक समाज र बालबालिकाका प्रतिनिधिहरुको अन्तिम सुझाव संकलन

सातौं चरण : मुख्य सत्र

आठौं चरण : समापन टिप्पणी (Concluding Observations)

नवौं चरण : समापन टिप्पणीको कार्यान्वयन



## पहिलो चरण :

# राज्यको प्रतिवेदन

सम्बन्धित देशको सरकारले आफ्नो देशको बालबालिकाको अधिकारको अवस्था र बाल अधिकार महासन्धिको कार्यान्वयन प्रगति प्रतिवेदन तयार गरी समितिमा बुझाउँदछ ।

नेपालको सन्दर्भमा देशको तर्फबाट प्रतिवेदन तयार गर्दा महिला,बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र राष्ट्रिय बाल अधिकार परिषद्ले विभिन्न मन्त्रालय, विभाग, कार्यालय तथा सरोकारवालाहरूसँग आवश्यक छलफल र सुझाव संकलन गरी प्रतिवेदन तयार गर्दछ ।




## हाम्रो सहभागिता

यस्ता छलफलहरूमा हामीलाई पनि आमन्त्रण गरिनु पर्दछ । हामीले पनि चासो पूर्वक यस्ता छलफल कहिले हुन्छन् र प्रतिवेदनमा के के कुराहरु समेटिदै छन् भनी चासो राख्ने, सुझाव दिने र सकृयतापूर्वक सहभागिता जनाउनु पर्दछ ।

## दोस्रो चरण:

# राष्ट्रिय मानव अधिकार आयोग, युनिसेफ, बालअधिकारका सवालमा काम गर्ने संघसंस्था तथा सञ्जालहरू र बालबालिकाहरूको प्रतिवेदन




सरकारको प्रतिवेदन सँगसँगै राष्ट्रिय मानव अधिकार आयोग, युनिसेफ, बालअधिकारका सवालमा काम गर्ने संस्था तथा सञ्जालहरू र व्यक्तिले समेत प्रतिवेदन तयार गरी बुझाउँछन् । यी प्रतिवेदनहरूको तयारीमा पनि हामी बालबालिकाहरू सहभागी भई आफ्ना सवालहरू र सुझावहरू समावेश गराउन सक्नुपर्दछ । सरकार बाहेक अरूले पठाउने प्रतिवेदनहरू सरकारले संयुक्त राष्ट्रसंघीय बाल अधिकार समितिमा प्रतिवेदन पठाएको ६ महिनादेखि २ वर्षभित्रमा पठाइसक्नुपर्दछ ।

## हाम्रो सहभागिता

यस्तो प्रतिवेदन हामी बालबालिकाहरू स्वयंले पनि आफ्नै सहभागिता र नेतृत्वमा तयार गरी संयुक्त राष्ट्रसंघीय बाल अधिकार समितिमा बुझाउन सक्दछौं ।

## तेस्रो चरण:

# मुख्य सत्र अघिको बैठक (Pre Sessional Working Group Meeting)




बाल अधिकार समितिले प्रतिवेदनमाथि विस्तृत छलफल गर्नु अगाडि सामाजिक संस्था र हामी बालबालिकाहरूका प्रतिनिधिहरूसँग छलफल गर्दछ । यस्तो छलफलमा सरकारका प्रतिनिधिहरूलाई भने सहभागी गराइएको हुँदैन ।

यो सत्रमा भाग लिने व्यक्तिको सुरक्षालाई ध्यानमा राखेर उनीहरूको पहिचान तथा बोलिएको कुराको गोपनीयता राखिएको हुन्छ, प्रचार प्रसार तथा प्रकाशन गरिंदैन ।

सामाजिक संघ संस्था र हामी बालबालिकाहरूले प्रतिवेदन पठाएको ३ महिनाभित्र बाल अधिकार समितिको निमन्त्रणामा यस्तो बैठक आयोजना गरिन्छ । तर प्रतिवेदनमा लेखिएका विषयवस्तु स्पष्ट भएको अवस्थामा समितिले यस्तो बैठक आयोजना नगार्न पनि सक्दछ ।

## चौथो चरण:
# सरोकारका सवालहरू (List of Issues) तयारी

बाल अधिकार समितिले आफूलाई प्राप्त भएका सबै प्रतिवेदनहरूको अध्ययन, सामाजिक संघ संस्था र हामी बालबालिकाहरूका प्रतिनिधिहरूसँग गरेको छलफलका आधारमा देखिएका अष्पष्टता वा थप जानकारी चाहिएका विषयहरूमा सरकारसँग थप जानकारीका लागि पत्राचार गर्दछ । जसलाई (List of Issues) भनिन्छ ।

यस्तो पत्राचार समितिले प्रि शेसनल वर्किङ्ग ग्रुप बैठकको एकदेखि दुई हप्ताभित्र नै गर्दछ ।




## हाम्रो सहभागिता

हामी बालबालिकाले यस्तो सरोकारका सवालहरू (List of Issues) आयो आएन वा कहिले आँउछ र सो आएपछि हामी बालबालिकाका प्रतिनिधिहरूसँग छलफल गरियो गरिएन वा हाम्रा विचार भावना पुन: समेटियो वा समेटिएन भनी चनाखो हुनुपर्दछ ।

## पाँचौ चरण:


# सरकारको लिखित जवाफ (Written Response)

सरकारलाई बालअधिकार समितिबाट सरोकारका सवालहरू (List of Issues) प्राप्त भएपश्चात सरकारले पनि लिखितरूपमा नै जवाफ समितिमा पठाउँछ ।

यस्तो लिखित जवाफ सरोकारका सवालहरू प्राप्त भएको ३ महिनाभित्र गरिसक्नु पर्दछ । यसलाई Written Response भनिन्छ ।

### हाम्रो सहभागिता

सरोकारका सवालहरू प्राप्त भएपश्चात तोकिएको समयभित्र सरकारले जवाफ पठाए नपठाएको र त्यस्तो जवाफमा हामी बालबालिकाका प्रतिनिधिहरूले दिएका सुझावहरू समावेश भए नभएको बालबालिकाहरूका प्रतिनिधिहरूमार्फत सोधखोज गर्नुपर्दछ ।



## छैठौं चरण:

# नागरिक समाज र बालबालिकाका प्रतिनिधिहरूको अन्तिम सुझाव संकलन

बाल अधिकार समितिले सामाजिक संघ संस्था र हामी बालबालिकाहरूका प्रतिनिधिहरूसँग अझ पनि केही छुटेको, थप गर्नुपर्ने वा स्पष्ट गर्नुपर्ने कुनै विषयवस्तुहरू भएमा लिखित सुझाव माग्दछ र फेरी  सुझावहरू पठाउन सकिन्छ ।







## हाम्रो सहभागिता

हामी बालबालिकाहरूले पनि त्यस्तो थप गर्नुपर्ने विषयवस्तु वा सुझाव भएमा तयार गरी लिखित रूपमा पठाउनु पर्दछ ।

यस्तो सुझाव नेपाल सरकारले लिखित रूपमा जवाफ पठाएको एकदेखि दुई महिनाभित्र पठाउन सकिन्छ ।

## सातौं चरणः

# मुख्य सत्र (Main Session)

बाल अधिकार समितिले सम्बन्धित देशको सरकारका प्रतिनिधिहरूसँग आफूले प्राप्त गरेका प्रतिवेदनहरु र प्राप्त सूचना जानकारीका आधारमा प्रश्न उत्तर र छलफल गर्दछ ।




## हाम्रो सहभागिता

मुख्य सत्रको संयुक्त राष्ट्रसंघीय मानव अधिकार उच्च आयुक्तको कार्यालय (ओएचसिएचआर) को वेभसाइट (www.ohcr.org) बाट प्रत्यक्ष प्रशारण हुन्छ । यस्तो सत्रको लाइभमा जोडिएर सरकारका प्रतिनिधिले नेपाली बालबालिकाहरूका बारेमा कसरी बाल अधिकार समितिमा प्रस्तुत गर्नुहुन्छ र के कस्ता प्रश्नहरू हाम्रो सरकारलाई सोधिन्छन् र ती प्रश्नहरूको उत्तर सरकारका प्रतिनिधिहरूले कसरी दिनुहुन्छ भनी जानकारी लिनुपर्दछ ।

## आठौं चरण:

# समापन टिप्पणी (Concluding Observations)

बाल अधिकार समितिले सम्बन्धित देशको सरकारका प्रतिनिधिहरूसँग प्रश्नोत्तर छलफल पश्चात सम्बन्धित देशको सरकारलाई बालअधिकारको अवस्थामा सुधारका लागि सुझावहरूको सूची उपलब्ध गराउँछ । यसलाई समापन टिप्पणी भनिन्छ ।

यस्ता सुझावहरू प्राप्त भएपछि सोलाई स्वीकार गरी सोही अनुसार काम गर्नु सम्बन्धित देशको दायित्व हुन्छ । तरपनि कानूनी रुपमा यस्ता सुझावहरू कार्यान्वयन गर्न सम्बन्धित देशलाई बाध्यकारी बनाउने व्यवस्था भने छैन ।




## हाम्रो सहभागिता

हामी बालबालिकाले यस्तो समापन टिप्पणी आए नआएको, त्यस्तो समापन टिप्पणी प्राप्त भएको भए सो प्राप्त भएपश्चात सरकारले त्यसको कार्यान्वयनका लागि के तयारी गरिरहेको छ सो सम्बन्धमा सोधखोज गर्नुपर्दछ । बाल अधिकार समितिबाट के कस्ता सुझावहरू प्राप्त भएका छन् भनेर हाम्रा बालबालिका साथीहरूलाई पनि जानकारी गराउनु पर्दछ । सुझावहरूको कार्यान्वयनका लागि हामीले हाम्रो भूमिकामा स्पष्ट भई विभिन्न तहको सरकारलाई पनि आवश्यक सुझाव, सल्लाह र आवश्यकता अनुसार विभिन्न अभियानहरू गर्नका लागि तयारी गर्नुपर्दछ ।

## नवौं चरण :
# समापन टिप्पणीको कार्यान्वयन

बाल अधिकार समितिबाट सम्बन्धित देशलाई बालअधिकारको अवस्थामा सुधारका लागि सुझावहरूको सूची प्राप्त भएपछि सरकारले ती सुझावहरूको कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्दछ ।




## हाम्रो सहभागिता

समापन टिप्पणीको कार्यान्वयनका लागि बन्ने कार्ययोजना तयारी गर्दा हामी बालबालिकाका प्रतिनिधी साथीहरूको पनि उपस्थिति हुनुपर्दछ र राम्रो कार्ययोजना बनाउन हामीले योगदान गर्नुपर्दछ । कार्ययोजना अनुसार काम भएको नभएको, कार्ययोजनाको कार्यान्वयनमा बजेटको व्यवस्था भए नभएको र कार्यान्वयन प्रकृयामा हामी बालबालिकाहरूको विचार र सहभागिता समेटिएको छ वा छैन भनी चासो दिनुपर्दछ र सकृयतापूर्वक सहभागी हुनुपर्दछ ।

यस्ता सुझावहरू कार्यान्वयन गर्न पाँच वर्षको समय हुन्छ । पाँच वर्षपछि भएको प्रगति समेत समेटी सरकारले नयाँ प्रतिवेदन बालअधिकार समितिमा पठाउनु पर्दछ ।

# बालअधिकार समितिमा प्रतिवेदन पठाउने तरिका

बालअधिकार समितिमा प्रतिवेदन पठाउने मुख्य रूपमा दुई प्रकारको तरिकाहरू अभ्यासमा आएका छन् ।

जसमा पहिलो तरिकालाई विशिष्ट प्रतिवेदन चक्र (Standard Reporting Cycle) र दोस्रो तरिकालाई सरलीकृत प्रतिवेदन चक्र (Simplified Reporting Cycle) भनिन्छ ।



# विशिष्ट प्रतिवेदन चक्र (Standard Reporting Cycle) र सरलीकृत प्रतिवेदन चक्र (Simplified Reporting Cycle) मा फरक

विशिष्ट प्रतिवेदन चक्र अनुसार सरकारले प्रतिवेदन पठाउदिन भन्न मिल्दैन । प्रत्येक पाँच वर्षमा प्रतिवेदन पठाउनै पर्दछ । यो बाध्यकारी छ । ढिला गरेपनि कुनै न कुनै समयमा पठाउनै पर्दछ ।

सरलीकृत प्रतिवेदन चक्र अनुसारको प्रतिवेदन भने सरकारले नपठाउन पनि सक्दछ । यो सरकारको स्वनिर्णयमा भर पर्दछ ।

विशिष्ट प्रतिवेदन चक्रमा प्रतिवेदनप्राप्त भएपश्चात मात्र सरोकारका सवालहरू List of Issue तयार गरी सरकारलाई सो सम्बन्धमा पत्राचार गर्दछ तर सरलीकृत प्रतिवेदन चक्रमा भने बालअधिकार समितिले राष्ट्रिय मानव अधिकार आयोग, सामाजिक संघ, संस्था, बालबालिकाका प्रतिनिधि लगायत सम्बन्धित सरोकारवालाहरूसँग शुरुमा नै छलफल गरी पहिला सरोकारका सवालहरू List of Issue तयार गरी सरकारलाई पठाउँछ । सोही सूचीका आधारमा सरकारले प्रतिवेदन तयार गर्नुपर्दछ ।

# सरलीकृत प्रतिवेदन चक्र (Simplified Reporting Cycle)

संयुक्त राष्ट्रसंघीय बाल अधिकार समितिले सम्बन्धित देशको सरकारलाई आफ्नो देशको प्रतिवेदन तयार गरी पेश गर्न अनुरोध गरी आधिकारिक रूपमा आमन्त्रण गर्दछ ।

यसलाई सरलीकृत प्रतिवेदन चक्र (Simplified Reporting Cycle) भनिन्छ ।

सरकारले सो आमन्त्रण स्वीकार गरेमा मात्र यो प्रकृयाबाट प्रतिवेदन पठाउन सक्दछ । तर सरकारले यस्तो आमन्त्रण स्वीकार नगर्न पनि सक्दछ ।

# सरलीकृत प्रतिवेदन चक्र प्रकृया

सरलीकृत प्रतिवेदन चक्र (Simplified Reporting Cycle) प्रकृयामा सम्बन्धित सरकारले बालअधिकार समितिको आमन्त्रण स्वीकार गरी सरोकारका सवालहरू (List of Issue) मा उल्लेख भएको सूचीका आधारमा सरकारले प्रतिवेदन तयार गरी समितिमा पठाएपछिका बाँकी अरू प्रकृयाहरू (प्रि शेसन, शेसन, समापन टिप्पणी आदि) भने विशिष्ट प्रतिवेदन चक्र (Standard Reporting Cycle) मा जस्तै हुन्छ ।

# नेपालको बालअधिकार समितिमा प्रतिवेदन

बाल अधिकार महान्धिमा नेपालको अनुमोदन : १४ सेप्टेम्बर, १९९०

पहिलो प्रतिवेदन : १० अप्रिल, १९९५

दोस्रो प्रतिवेदन : ४ मार्च, २००४

तेस्रो, चौथो र पाँचौ (संयुक्त) प्रतिवेदन : ११ अक्टोबर, २०१२


सामाजिक संघ संस्था तथा संजालहरुको प्रतिवेदन (बालबालिको नेतृत्वमा) : १ जुलाई, २०१४



# बालबालिकाले आफ्नै नेतृत्वमा तयार गरेको प्रतिवेदन

बाल अधिकार समितिमा नेपालका बालबालिकाहरूले आफ्नै तयारी र नेतृत्वमा प्रतिवेदन पठाएका छन् । जुन नेपालको बालअधिकार अभियानमा ऐतिहासिक काम पनि हो । तेस्रो, चौथो र पाँचौ (संयुक्त) प्रतिवेदनको क्रममा सन् २०१४ मा नेपाली बालबालिकाहरूले बालबालिकाहरूको आफ्नै तयारी र नेतृत्वमा बालअधिकार समितिलाई पहिलो प्रतिवेदन पठाएका थिए । यस कार्यको संयोजन र सहजीकरण कन्सोर्टियम नेपाल र प्राविधिक सहयोग सिआरसी रिपोर्टिङ्ग कोलिसन, नेपालले गरेको थियो ।

नेपालका बालबालिकाहरूको प्रतिनिधित्व गर्दै राकेश पौडेल (तिलक) र हिमा राई सन् २०१४ को सेप्टेम्वरमा स्विजरल्याण्डको जेनेभामा भएको बाल अधिकार समितिको प्रि सेसनमा सहभागी भएर नेपाली बालबालिकाको अवस्थाका बारेमा समितिलाई प्रष्ट पारेका थिए । समितिका तत्कालिन संयोजक एवम् केही सदस्यहरूले नेपाली बालबालिकाको प्रस्तुतिबाट आफूहरु प्रभावित भएको बताएका थिए ।



NATIONS UNIES
DROITS DE L'HOMME
HAUT-COMMISSARIAT

UNITED NATIONS
HUMAN RIGHTS
OFFICE OF THE HIGH COMMISSIONER

HAUT COMMISSARIAT AUX DROITS DE L'HOMME • OFFICE OF THE HIGH COMMISSIONER FOR HUMAN RIGHTS
PALAIS DES NATIONS • 1211 GENEVA 10, SWITZERLAND

REFERENCE: KS/CRC:

Dear Heema,

I am writing to thank you for your participation in the recently concluded 69th pre-sessional working group of the Committee on the Rights of the Child, held in Geneva from 22 to 26 September 2014.

The members of the Committee have been very grateful for your excellent presentation and the important information you have provided us with during this pre-session, which allowed us to better understand the situation of children in your country. Your efforts in reflecting the views of your peers and the challenges they meet in the realization of their rights have greatly contributed to our discussions during the pre-session.

As you know, the right of all children to be heard and taken seriously is one of the fundamental values of the Convention on the Rights of the Child. It is the right of every child without discrimination, and our Committee attaches great importance to written reports and oral information submitted by child organizations and children's representatives on the situation of children in all countries of the world.

The information you provided us with, was fully taken into account in the list of questions the Committee has sent to the authorities of your country. The Committee will also discuss your concerns and expectations with them during the meeting which will be held in June 2015.

After that meeting, the Committee will make recommendations to your country on how to improve the situation for the children. As we will only have the chance to meet with the government of your country in five years' time, we hope that, as responsible citizens within your communities, you will also help to make sure that these recommendations are effectively translated into positive changes for all children of your country.


Thank you very much again

Yours sincerely.

Kirsten Sandberg
Chairperson
Committee on the Rights of the Child

Ms Heema Rai
Consortium- Nepal, Thapagaun,
Baneswor, Kathmadu, Nepal

# बालबालिकाले आफ्नै नेतृत्वमा तयार गरेको प्रतिवेदन प्रकृया




- बाल सल्लाहकार समितिको बैठक
- बाल अधिकार समितिमा प्रतिवेदन तयारी सम्बन्धी बालबालिकाका प्रतिनिधिहरूलाई अभिमुखीकरण
- बाल क्लव तथा सञ्जालको नेतृत्व र सहजीकरणमा बालबालिकाहरूसँग समुदाय तहको छलफल
- स्थानीय, जिल्ला तथा क्षेत्रीय/प्रादेशिक तहमा परामर्श
- राष्ट्रिय परामर्श
- बालबालिकाहरूले आफ्नो प्रतिवेदन लेख्नका लागि प्रतिवेदन लेखन समिति र बालअधिकार समितिको प्रि सेसनमा सहभागिताका लागि बाल प्रतिनिधिहरूको छनौट
- बालबालिकाद्वारा प्रतिवेदन तयारी र सरोकारवालाहरूको समेत सुझाव संकलन
- प्रतिवेदन बालअधिकार समितिमा पेश
- बालबालिकाको बालअधिकार समितिको प्रि सेसनमा सहभागिता
- बालअधिकार समितिबाट प्राप्त सुझावहरू तथा बालबालिकाहरूको अनुभव आदानप्रदान कार्यक्रम

# बालबालिकाका आफ्नै अनुभव

## राकेस पौडेल (तिलक)

नेपालको इतिहासमा पहिलो पटक विभिन्न विकास क्षेत्रमा क्षेत्रीय स्तरका तथा काठमाडौंमा देशका सम्पूर्ण बालबालिकाको प्रतिनिधित्व हुनेगरी बालबालिकाको राष्ट्रिय भेला सम्पन्न भयो । मध्य पश्चिमाञ्चल विकास क्षेत्रबाट सहभागिता जनाउनेहरूमा नेपालगन्ज बाँकेबाट मीना शर्मा र सुर्खेत वीरेन्द्रनगरबाट राकेश पौडेल (म स्वयम) थियौं । उक्त भेलाबाट पहिलो पटक CRC Committee मा पठाउने गरी नेपाली बालबालिकाले कन्सोर्टियमको सहजीकरणमा Child Led Report तयार भयो । राष्ट्रिय भेलाबाट उक्त Report CRC को प्रिसेसनमा लैजानका लागि दुई जना बालबालिकाको छनौट भयो । जसमा सम्पूर्ण सहभागी साथीहरूले मलाई र हिमा राई (काठमाडौं) लाई छनोट गर्नुभयो । प्रशासनिक सम्पूर्ण काम सकेपछि हामी असोज ६, २०७१ मा स्वीट्जरल्यान्डको राजधानी जेनेभा प्रस्थान गर्ने तयारी भयो । नयाँ ठाउँमा जान लागेकाले म केही नर्भस भएको थिएँ । यद्यपि सँगसँगै उत्साहित पनि । विभिन्न ठाउँको विश्राम सँगसँगै हामी जेनेभा पुग्यौं र बैठकमा सहभागी भयौं । हामीले नेपाली बालबालिकाको समस्या CRC Committee का अध्यक्ष तथा पदाधिकारी सामु राख्यौं । हाम्रो प्रस्तुति CRC Committee का पदाधिकारीले प्रशंसा गरे जसले गर्दा हामी थप उत्साहित भयौं । त्यस दिन बाहिर देशबाट आएका थुप्रै बालबालिका साथीसँग भेटघाट तथा अनुभव साटासाट गर्ने मौका मिल्यो । आफूजस्तै बाल सञ्जालमा आवद्ध साथीसँग कुरा गर्न पाउँदा खुसी लाग्यो ।

## हिमा राई

बालक्लबले प्रदान गरेको सुनौला तथा मेरो जीवनको अविस्मरणीय र विशेष अवसरको कुरा गर्दा, नेपालका बालबालिकाको प्रतिनिधित्व गरेर मैले जेनेभा, स्वीट्जरल्यान्डमा राष्ट्रसंघीय बालअधिकार महासन्धिलाई अनुमोदन गर्ने राज्य पक्षका रूपमा नेपालले पठाउने आवधिक प्रतिवेदन तथा छाया प्रतिवेदन राष्ट्रसंघीय बालअधिकार समितिमा बुझाउने प्रक्रियामा त्यहाँ जाने मौका पाएकी थिएँ । युएन विल्डिङमा प्रि-सेसनका लागि म र राकेशले पालैपालो बालबालिकाको विभिन्न समस्याहरू जस्तै बालविवाह, बालश्रम, बाल दुर्व्यवहार, लैङ्गिक तथा जातीय भेदभाव, शिक्षा, स्वास्थ्य, सडक बालबालिका, अपाङ्गता भएका बालबालिका, कमलरी बालबालिका आमाबुवाबाट वञ्चित बालबालिका आदिका अवस्थाहरूलाई समेटेर प्रस्तुत गर्‍यौं । नयाँ ठाउँमा गएर त्यहाँको वातावरण रहनसहनको बारेमा जान्न पाउँदा धेरै रमाइलो भएको थियो ।

प्रस्तुत अनुभवहरुको पुरा अंश कन्सोर्टियम नेपालको अनुभवहरु, "संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिमा संप्रेशण गरिने प्रतिवेदन (CRC Reporting) विशेष २०७२" मा रहेको छ ।

# बालअधिकार समितिको सुझावहरूको कार्यान्वयनमा सरोकारवालाहरूको भूमिका

बाल अधिकार समितिबाट प्राप्त समापन टिप्पणीमा उल्लेखित सुझावहरूको कार्यान्वयनका लागि सामाजिक संस्था, बाल क्लव, बाल क्लव सञ्जाल लगायत बालबालिकासँग सम्बन्धित सबै सरोकारवालाहरूको भूमिका महत्वपूर्ण हुन्छ ।


सबैको नियमित चासो र खवरदारीले मात्र बाल अधिकार समितिबाट प्राप्त भएका सुझावहरूको कार्यान्वयन गरी बालबालिकाहरूको अधिकार र उनीहरूको सर्वोत्तम हितमा बढी योगदान पुग्न सक्दछ ।


# बालअधिकार समितिको सुझावहरूको कार्यान्वयनमा सरोकारवालाहरूले के के गर्न सक्दछन् ?


- बालअधिकार समितिबाट प्राप्त सुझावहरु बालबालिकाहरु तथा सरोकारवालाहरुलाई जानकारी र प्रचार प्रसार (अभिमुखीकरण, छलफल, अन्तरकृया, सम्वाद, अडियो, भिडियो, मिडिया, अध्ययन, अनुसन्धान, फ्याक्ट सिट, पोलीसी पेपर, बालमैत्री प्रकाशनहरु आदि)
- बालअधिकार कार्यान्वयनका क्षेत्रमा भएका प्रगतिहरुका खोजी नीति गर्ने, भएका प्रगतिहरुको अवस्था विश्लेषण गर्ने, अनुगमन, मूल्यांकन र अभिलेखीकरण गर्ने
- अभियान तथा पैरवी गर्ने
- कार्यान्वयनका लागि सरकारको ध्यानाकर्षण तथा दवावमूलक कामहरु गर्ने

# नोट

## हाम्रा केही प्रकाशनहरु



































कन्सोर्टियम-नेपाल
Consortium Nepal

Save the Children